# महान्यायाधिवक्ताको कार्यालय,नेपाल
## आर्थिक प्रशासन शाखा
## रामशाहपथ, काठमाण्डौ

प.स. २०७५/०७६/आ.प्र.
च.नं. ७००५

मितिः २०७५/०८/२०

बिषयः बेरुजु फर्छौट सम्बन्धमा ।

श्री उच्च सरकारी वकिल कार्यालय,
विषेश सरकारी वकिल कार्यालय र
जिल्ला सरकारी वकिल कार्यालयहरु सबै ।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९८ को उप नियम २ मा लेखापरीक्षणबाट कायम भएका बेरुजु प्रमाण पेश गरि वा नियमित गरि गराई वा असुल उपर गरी फर्छौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने र ऐ नियमावलीको नियम ९९ को उप नियम १ र २ बमोजिम बेरुजु फर्छौटको कारवाही नगर्ने तथा दिएको जवाफ पनि सन्तोषजनक नभएमा तालुक कार्यालय प्रमुखले आर्थिक कार्यविधि ऐनको दफा ३३ बमोजिम जरिवाना वा सेवा सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाही वा दुवै कारवाही गर्न सक्ने ऐ नियमावलीको उप नियम ४ को कानूनी प्रावधान यहाँलाई विदितै छ ।

धेरैजसो कार्यालयबाट नियमानुसारको अवधि भित्र लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया तथा प्रमाण कागजात पेश गरि बेरुजु फर्छौट गरेको नपाइएको र गत विगतको बेरुजु फर्छौट कार्यमा उदासिनता देखाई तोकिए बमोजिमको बेरुजु फर्छौटको प्रगति समेत पुऱ्याएको नदेखिदा तपसिल बमोजिम गरि गराई बेरुजु फर्छौट गर्न गराउन हुन यस कार्यालयको मिति २०७५।८।२० को निर्णयानुसार अनुरोध छ ।

तपसिल

- लेखापरीक्षण डोरबाट बेरुजु सम्परीक्षण गराएका कार्यालयहरुले आर्थिक वर्ष, बेरुजुको दफा र रकम समेत खुलाई यस कार्यालयमा जानकारी पठाउने ।
- लेखापरीक्षण डोर आउन बाँकी रहेका कार्यालयहरुले लेखापरीक्षण डोर समक्ष सम्परीक्षणका लागि श्रेस्ता कागजात पेश गरि सम्परीक्षण गराई जानकारी पठाउने ।
- त्यस कार्यालयको गत विगत देखि हाल सम्मको बाँकी बक्यौता बेरुजु अभिलेख अध्यावधिक गरि असुल, नियमित,फर्छौट जो जे गर्नु पर्ने हो गरि सम्परीक्षणका लागि सक्कलै कागजात अविलम्ब यस कार्यालयमा पठाउने ।
- बेरुजु अभिलेख नभएका/नभिडेका कार्यालयहरुले यस कार्यालयमा सम्पर्क राखि अभिलेख दुरुस्त गर्ने ।
- यस आ.व. को अन्त सम्ममा गत विगत देखि हाल सम्मका सबै बेरुजु फर्छौट सम्बन्धी कार्य सम्पन्न गरि सक्ने ।
- बेरुजु फर्छौट सम्बन्धी कार्यमा कुनै किसिमको द्विविधा भएमा यस कार्यालयको लेखा शाखामा सम्पर्क राख्ने ।

२०७५/८/२०

जगत प्रकाश भट्ट
प्रमुख लेखा नियन्त्रक